# निर्वाचन आयोग, नेपाल
# उत्कृष्ट कर्मचारीहरूको विवरण तथा निजहरूबाट सम्पादित उत्कृष्ट कार्यहरू

| क्र. सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | पद तथा कार्यरत कार्यालय | सम्पादन गरेका उत्कृष्ट कार्यहरू |
|---|---|---|---|---|
| १. | ११६७३० | श्री लक्ष्मीदेवी होमागाईं | उपसचिव, निर्वाचन आयोग | १.वि.सं. २०५६ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापा क्षेत्र नं. २ मा महिलाहरूद्वारा मात्र सञ्चालित (एक केन्द्रमात्र) मतदान केन्द्रमा मतदान अधिकृत भई सफलतापूर्वक मतदान कार्य सम्पन्न गरेको ।<br>२. वि.सं. २०६३ सालमा भएको नगरपालिकाको निर्वाचनमा झापा जिल्लामा जिल्ला निर्वाचन अधिकारीको रूपमा समग्र निर्वाचन व्यवस्थापन तथा सञ्चालनसम्बन्धी काम गरेको तथा भद्रपुर नगरपालिकाको निर्वाचनका लागि सहायक निर्वाचन अधिकृत भई आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेको ।<br>३. वि.सं २०६४ सालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचनमा योजना तथा तालिम शाखामा कार्यरत रही प्रशिक्षण स्रोत पुस्तिका निर्माण, क्षमता विकास तथा निर्वाचन सम्बन्धी तालिम सञ्चालन तथा व्यवस्थापन, राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यवेक्षण नीति, निर्देशिका निर्माण तथा समग्र पर्यवेक्षण व्यवस्थापनमा सहयोग पुऱ्याएको ।<br>४. वि.सं. २०७० सालमा सम्पन्न अर्को संविधान सभा सदस्य निर्वाचन तथा उपनिर्वानको लागि बजेट तर्जुमा, पर्यवेक्षण नीति, निर्देशिका तथा आचार संहिता तर्जुमा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरूको स्वीकृती एवं सम्बन्धन, आमन्त्रण, परिचय-पत्र, सवारी साधन अनुमती पत्र, वैदेशिक सहायता समन्वय सम्बन्धी तोकिएको कार्य समयमै सफलतापूर्वक सम्पन्न गरेको ।<br>५. संविधान सभा सदस्य उपनिर्वाचन (चितवन जिल्ला क्षेत्र नं. २ को) अनुगमन गरेको ।<br>६.योजना तर्जुमा तथा कार्यान्वयनमा महाशाखा एवं शाखाहरूसँग समन्वय गरी कार्यतालिका बमोजिम कार्य सम्पादनका लागि विशेष प्रयत्न गरेको ।<br>७. केन्द्रबाट जिल्लाहरूमा गरिएको अनुगमनको वार्षिक एकीकृत प्रतिवेदन तयार गर्ने कार्यको थालनी गरेको ।<br>८. बृहत्तर समावेशी वातावरण सिर्जना गर्ने सरकारको उद्देश्यअनुरूप आयोगले लैङ्गिक समानता र समावेशीतालाई निर्वाचनका प्रक्रियाहरूमा मूलप्रवाहीकरण गर्ने प्रयासहरू विगतदेखि नै गरिरहेको छ । लोकतन्त्र, शासन व्यवस्था र निर्वाचनमा महिला, |

| क्र. सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | पद तथा कार्यरत कार्यालय | सम्पादन गरेका उत्कृष्ट कार्यहरू |
|---|---|---|---|---|
| | | | | सामाजिकरूपमा बहिष्करणमा परेका समूह एवम् अपाङ्गता भएका व्यक्तिहरूको पहुँच बढाउनका लागि आवश्यक संरचनासमेत निर्माण भइरहेका छन् । यिनै प्रयास र अभ्यासहरूलाई संस्थागत गर्दै लैजान मिति २०७० श्रावणमा लैङ्गिक तथा समावेशीकरण नीति, २०७० स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । नीतिको कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउन रणनीति तर्जुमा गर्नुपर्ने र क्रियाकलापको पहिचान गरी कार्ययोजना बनाउनुपर्ने आवश्यकता महशुस सन्दर्भमा लैङ्गिक तथा समावेशी रणनीति (२०७१-२०७६) तथा १ बर्षे (२०७१-७२) कार्ययोजना मेरो विशेष पहलमा तर्जुमा भई आयोगबाट स्वीकृत भएको छ । रणनीति तथा कार्ययोजनाको कार्यान्वयनबाट लैङ्गिक तथा समावेशीताका क्षेत्रमा आयोगबाट भए गरेका कार्यहरूको मापन गर्न सकिने छ । |
| २. | १६७०९४ | श्री भेषराज रिजाल | शाखा अधिकृत, निर्वाचन आयोग | १. आयोगबाट प्रकाशित हुँदै आएका 'निर्वाचन बुलेटिन' र 'निर्वाचन पत्रिका' को सम्पादक मण्डलमा रहेर उल्लेख्य कार्य गर्दै आइरहेको । हालसम्म बुलेटिनका १३ वटा अङ्क र पत्रिकाका ६ वटा अङ्क प्रकाशन भइसकेका ।<br>२. नियात्रा सङ्गहहरू 'मेरा पाइलाहरू', छरिएका पाइला कोरिएका डोब' तथा विभिन्न फुटकर लेखरचनाहरूमा निर्वाचनसम्बन्धी विविध विषयमा लेख्नुका साथै आयोगको सक्रियतालाई साहित्यिक जगतमा पनि उजागर गरेको ।<br>३. आयोग र अन्तर्गत रही दुईवटा संविधानसभा सदस्य निर्वाचन सम्पन्न गराउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको<br>४. २०६६ चैत्र देखि २०६७ बैशाखसम्म दाङ जिल्लामा सञ्चालित फोटोसहितको मतदाता नामावली सङ्कलन परीक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न गराएको ।<br>५. परीक्षण कार्यक्रमपश्चात् आयोगको कार्यक्रम शाखामा रही नगरपालिकास्तरीय तथा गाउँ विकास समितिस्तरीय फोटोसहितको मतदाता नामावली सङ्कलन कार्यक्रमको विस्तुत कार्ययोजना बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको। नेपालमा सबै कुराको हिसाब गरेर बनाइएको विस्तृत कार्ययोजना भनेर त्यसको प्रशंसा भइरहेको ।<br>६. आर्थिक वर्ष २०६७/०६८ र २०६९/०७० को वार्षिक प्रतिवेदन तयारी र प्रकाशनमा उल्लेख्य भूमिका निर्वाह गरेको ।<br>७. २०६८ सालमा १५ जिल्लामा सञ्चालित विद्युतीय नमूना मतदान सञ्चालन कार्यक्रममध्ये केही जिल्लामा कार्यक्रम सञ्चालन गराउनुका साथै उक्त उपकरणको प्रयोग गरी मतदान गर्न लाग्ने समय निर्धारणसम्बन्धी विस्तृत प्रतिवेदन तयार गरेको । |

| क्र. सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | पद तथा कार्यरत कार्यालय | सम्पादन गरेका उत्कृष्ट कार्यहरू |
|---|---|---|---|---|
| | | | | ८. आयोगको विद्युतीय हाजिरी सम्बन्धी निर्देशिका, आयोग अन्तर्गतका कार्यालयको नागरिक बडापत्र, आयोग र अन्तर्गतका कार्यालयको २०६८ र २०७१ सालको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन आदि सम्बन्धी तयारी कार्यमा उल्लेख्य भूमिका निर्वाह गरेको ।<br>९. मितव्ययीता, सदाचारिता, इमान्दारितालाई जीव्नको आदर्श बनाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय, पारदर्शी, वैधानिक निर्वाचन सम्पन्न गराउने संवैधानिक निकाय निर्वाचन आयोगको छविलाई सँचो बनाएको । |
| ३. | १६३४६२ | श्री टोलराज उपाध्याय | शाखा अधिकृत, निर्वाचन आयोग | १. वि.सं २०६३ देखि अविच्छिन्नरूपमा २०७१ असारसम्म जिल्ला निर्वाचन अधिकारीको रूपमा बागलुङमा रही कार्य सम्पादन गरेको ।<br>२. बागलुङ जिल्लाको समग्र फोटोसहितको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य, मतदान केन्द्र निर्धारणको कार्य, जि.पी.एस लिने कार्य, बोगांदोभान, बोहोरागाउँ, सल्यान, सुखौरा लगायतका विभिन्न विकट स्थानहरूमा घुम्ती शिवीरमार्फत नामावली संकलनको कार्य, २०७१ चैत्र २८ मा सम्पन्न उपनिर्वाचन सहित ३ वटा संविधानसभाको निर्वाचनमा जिल्ला निर्वाचन अधिकारीको हैसीयतमा समग्र निर्वाचन व्यवस्थापनको कार्य सफलताका साथ सम्पन्न गरेको ।<br>३. २०६९ चैत्रमा तत्कालीन निर्वाचन विरोधी पक्षले कार्यालयमा गरेको भौतिक आक्रमण तथा नामावली संकलनमा गरेको अवरोधका बावजुत बिचलीत नभई नामावली अद्यावधिकको कामलाई सफलताका साथ सम्पन्न गरी अन्तिमरूप दिन सफल भएको ।<br>४. २०७१ को उपनिर्वाचनको सन्दर्भमा आचारसंहिता र सो को पालना, विद्युतीय मतदान उपकरण र निर्वाचन, मतदाता र निर्वाचनलगायतका विषयमा विभिन्न पत्रपत्रिकाहरूमा लेखरचना प्रकाशित गरी मतदाता शिक्षाको कार्यमार्फत विद्युतीय उपकरणप्रति सरोकारवालाहरूको विश्वास अभिबृद्धमा महत्वपूर्ण भूमिका निर्वाह गरेको<br>५. करीब ९ वर्षको बागलुङ बसाईमा अफिसर्स क्लब बागलुङको सचिबको हैसीयतमा कार्य सम्पादनका क्रममा क्लबबाट प्रकाशित विभन्न स्मारिकाहरूमा निर्वाचन, लोकतन्त्र लगायतका विषयमा लेखरचना प्रकाशित गरी आयोगको कार्यमा सकारात्मक योगदान पुऱ्याएको ।<br>६. जिल्लामा सरोकारवालाहरूसँग निरन्तर अन्तरक्रिया र छलफलमार्फत आयोग, जिल्ला निर्वाचन कायालय, राजनीतिक दलहरू, स्थानीय नागरिक समाज, आम मतदाता, |

| क्र. सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | पद तथा कार्यरत कार्यालय | सम्पादन गरेका उत्कृष्ट कार्यहरू |
|---|---|---|---|---|
| | | | | मेडीयालगायत सेवाग्राहीहरूसँगको सम्बन्ध सुमधुर राख्न सफल रहेको । |
| ४. | ७९७६८ | श्री भक्तबहादुर कार्की | जिल्ला निर्वाचन अधिकारी, दैलेख | १. २०४३/०९/२० मा ना.सु. पदमा जिल्ला प्रशासन कार्यालयमा निर्वाचन शाखा मुगुमा कार्यरत रही स्थानी गा.वि.स. तथा वर्गिय संगठनको निर्वाचन गराएको तथा मतदाता नामावली तयार गरे गराएको ।<br>२. २०४४/०९/१५ बाट ना.सु. पदमा जिल्ला प्रशासन कार्यालय निर्वाचन शाखा दैलेखमा रही २०६१/२/३१ सम्म निर्वाचन शाखाको शाखा प्रमुखको जिम्मेवारी पूर्णरूपमा सम्पादन गर्दै स्थानीय गा.वि.स. निर्वाचन तथा प्रतिनिधिसभा सदस्य निर्वाचनका साथै मतदातानामावलीहरू पारिवारीक लगतसहित तयार गरे गराएको ।<br>३. २०६१/०३/०१ देखि जिल्ला निर्वाचन कार्यालय, दैलेख स्थापना भइसकेपछि का.मु जिल्ला निर्वाचन अधिकारी भई कार्य सम्पादन गरी राम्रो काम गरेको ।<br>४. तत्पश्चातको अवधिमा कहिले निमित्त जिल्ला निर्वाचन अधिकारी र कहिले सहायक भई निर्वाचनसम्बन्धी उत्कृष्ट कार्य सम्पादन गरेको ।<br>५. दैलेख नारायण नगरपालिका वडा नं. ८ स्थित जिल्ला अस्पतालसँग जोडिएको जग्गा श्रीमती रुद्रकुमारी कार्कीको नामबाट निःशुल्क दानपत्र गरी मेरो तलबबाट राजश्व तिरी जग्गा पास गरेको तत्पश्चात निर्वाचन आयोगबाट भवन निर्माणको लागि बजेट प्राप्त भई भवन निर्माण कार्य सुरु भएको ।<br>६. भवन निर्माण कार्य २½ तला ढलान भई इट्टाको जोडाइ अन्तिम चरणमा रहेको । बिजुलीको वायरिङ तथा प्लाष्टरको कार्य सुरु हुन गइरहेको र २०७२ मंसिर मसान्तसम्म भवन निर्माण कार्य सक्नको लागि जोडदार रेखदेख गरेको । ठेकेदारले रु. ६० लाख घटेर ठेक्का लिएकाले घाटा लाग्छ भन्दै छोड्न खोजे पनि फकाइ फुल्याइ काम गराउन परेको र कार्य सम्पन्न गर्न भरमग्दुर कोशिस गरेको छु । सो सम्बन्धमा आयोगका सचिव श्री मधुप्रसाद रेग्मी, सहसचिव श्री वीरबहादुर राई, सहसचिव श्री लीला देवी गड्तौला, शाखा अधिकृत श्री भेषराज रिजाल र शाखा अधिकृत श्री देशवन्धु अधिकारीबाट विभिन्न समयमा अनुगमन तथा थप निर्देशन प्राप्त भएको ।<br>७. २०६४/१०/०१ देखि शाखा अधिकृत पदमा बढुवा भै जिल्ला निर्वाचन कार्यालयमै काम गर्दै आइरहेको, २०६४ को संविधानसभा सदस्य निर्वाचन सम्पन्न गरे गराएको । |
| ५. | १९५३६२ | श्री राजेन्द्र पौडेल | कम्प्युटर अपरेटर, जिल्ला निर्वाचन | १. निर्वाचन आयोगले सञ्चालन गरेको फोटोसहितको मतदाता नामावलीको पाइलट प्रोजेक्टमा दाङ जिल्लामा खटिई कार्य गरेको । |

| क्र. सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | पद तथा कार्यरत कार्यालय | सम्पादन गरेका उत्कृष्ट कार्यहरू |
|---|---|---|---|---|
| | | | कार्यालय, दैलेख | २. नगरपालिकामा सञ्चालन भएको फोटोसहितको मतदाता नामावली कार्यक्रममा निर्वाचन आयोगले दैलेख जिल्लामा काजमा खटाएकाले सो कार्य समयमै साम्रोसँग सम्पादन गरेको ।<br>३. निर्वाचन आयोगबाट सञ्चालन हुने विभिन्न प्रशिक्षणहरूमा प्रशिक्षक भई कार्य गरेको ।<br>४. नेपाल सरकारले दुर्गम जिल्ला भनी किटान गरेका रोल्पा र दैलेख जिल्लामा कार्य गरेको<br>५. कार्यालयमा रहेका कम्प्यूटर, प्रिन्टर, फ्याक्स, फोटोकपी आदि चुस्त दुरुस्त राख्ने तथा संरक्षण गरेको ।<br>६. कम्प्युटर सफ्टवयर सञ्चालन (कार्यालयलाई आवश्यक पर्ने सफ्टवयर Office Program र BBVRS) गरेको ।<br>७. कम्प्युटर Program Repairing. Up to Date राखिएको ।<br>८. फोटोसहितको मतदाता नामावली कार्यक्रम अन्तर्गत दर्ता कर्मचारीहरूलाई तालिम दिएको, अनुगमन गरेको ।<br>९. सर्भर तथा नेटवर्क सञ्चालन (निर्वाचन आयोगबाट उपलब्ध गराइएका उपकरणहरू ल्यापटप, सर्भर, ADSL नेटसेवा, फ्याक्स लगायतका उपकरणहरूको जडान तथा सञ्चालन गरिएको ।<br>१०. कार्यालयको प्रशासनिक चिठी पत्र तयार गर्ने, कार्ययोजना बनाउने तथा जिल्ला निर्वाचन अधिकारीबाट लगाए अह्राएको अन्य कामहरू गरेको ।<br>११. कार्यालयको जिन्सी व्यवस्थापन सम्बन्धी कार्यहरू गरिरहेको ।<br>१२. जिल्ला निर्वाचन अधिकारीको अनुपस्थितिमा निमित्त जिल्ला निर्वाचन अधिकारी भई कार्यालयका दैनिक कार्यहरू गरेको ।<br>१३. जिल्ला निर्वाचन कार्यालय दैलेखको सूचना अधिकारी र प्रवक्ता भइ कार्य गरिरहेको ।<br>१४. जिल्ला निर्वाचन कार्यालयमा स्थापन भएको लैङ्गिक सम्पर्क विन्दुको रूपमा सम्पर्क व्यक्ति भई कार्य गरिरहेको । |
| ६. | १९७१४८ | श्री सतिष जँग शाह | कम्प्युटर अपरेटर, जिल्ला निर्वाचन कार्यालय, | १. मतदाता नामावली दर्तालाई ब्यापक बनाउन योगदान गरेको ।<br>२. मतदाता नामावलीमा भएको त्रुटीलाई न्यूनिकरण गरेको ।<br>३. कार्यालय र कार्यालयका जिन्सी सामानहरू व्यवस्थित, चुस्त तथा दुरुस्त राख्न सहयोग |

| क्र. सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | पद तथा कार्यरत कार्यालय | सम्पादन गरेका उत्कृष्ट कार्यहरू |
|---|---|---|---|---|
| | | | जाजरकोट | गरेको ।<br>४. कार्यालयको सम्पूर्ण काममा सदैव सक्रिय हुने ।<br>५. विभिन्न स्थान तथा गाविसहरूमा भएका फोटोसहितको मतदाता नामावली दर्ता कार्यक्रममा पुगी दर्ता स्थलमा उत्पन्न हुने समस्या र निराकरणका उपायहरूबारे मतदाता नामावली दर्ता सफ्टवयर तथा दर्ता फाराममा परिमार्जन तथा व्यवस्थि तगर्न सहयोग गरेको ।<br>६. नियमितता र समयपालना, कर्तब्य परायणता कायम राखेको । |
| ७. | १५७८३७ | श्री नरेन्द कुमार राय | कार्यालय सहयोगी, जिल्ला निर्वाचन कार्यालय, धनुषा | १. निज नरेन्द्रकुमार राय मिति २०५७/०२/०३ मा नियुक्ति लिई हालसम्म निरन्तर १५ वर्षसम्म यस कार्यालयमा कार्यरत रहेको, निजले यस अवधिमा आफ्नो पदीय दायीत्व अत्यन्तै इमान्दारीताका साथ पुरा गर्दै आइरहेको छ । निजले संविधानसभा सदस्य निर्वाचन, २०६४ र संविधानसभा सदस्य निर्वाचन, २०७० मा अत्यन्तै महत्वपूर्ण योगदान दिनुभएको थियो ।<br>२. हालसम्म यस कार्यालयमा विभिन्न पदका स्थायी कर्मचारीहरू परीवर्तन भए पनि निज विगत १५ वर्षसम्म निरन्तर यस कार्यालयमा कार्यरत रहेकोले निजको अनुभवबाट अन्य कर्मचारीलाई समेत कार्य सम्पादनमा सहयोग पुगेको छ ।<br>३. निजले हालसम्म कुनै विभागीय सजाय नपाएको, निजको नाममा हालसम्म कुनै रकम बेरुजु नरहेको, हालसम्म गयल कट्टी नभएको, निजको नाममा कुनै प्रशासनिक बेरुजु पनी नरहेको, हालसम्म अध्ययन तथा असाधारण विदा नलिएको तथा प्रचलित ऐन कानूनबमोजिम पूरा गर्नुपर्ने जिम्मेवारी कुशलतापूर्वक पुरा गरेको । |
| ८. | १३८८७७ | श्री शिव शरण थापा मगर | कम्प्युटर अधिकृत, निर्वाचन आयोग | १. आयोगको आवश्यकता अनुसार मतदाता नामावली तयार गर्ने, समय समयमा आवश्यकता अनुसार संशोधन गर्ने गरेको,<br>२. Voter Registration Software मा भएका संशोधन समेटी आयोग तथा जि.नि.का. का कम्प्युटर अपरेटरहरुलाई सो Software संचालन सम्बन्धी तालिम दिने गरेको,<br>३. प्रारम्भिक तथ्यांकहरुलाई अध्ययन गरी कोडिङ्ग गराई डाटा इन्ट्री गराउने र डाटाहरूलाई चरणवद्ध रुपमा संचित गर्ने गरेको,<br>४. संचित डाटालाई प्रिन्ट गराई चेकिङ्ग पश्चात अपडेट गराउने व्यवस्था मिलाउने र अपडेट गराई Final Data सुरक्षित साथ राख्ने गरेको,<br>५. कम्प्युटरमा राख्ने सूचना एवं Document हरु चरणवद्ध रूपमा राख्ने, गोप्य रूपमा |

| क्र. सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | पद तथा कार्यरत कार्यालय | सम्पादन गरेका उत्कृष्ट कार्यहरू |
|---|---|---|---|---|
| | | | | राख्न पर्नेमा सो गर्ने र सम्बन्धित अधिकृतलाई आवश्यकता अनुसार उपलब्ध गराउने कार्य गरेको,<br>६. आयोगलाई समय समयमा आवश्यक पर्ने Voters Database मा आधारित Report तयार गर्ने गरेको,<br>७. निर्वाचन आयोगको Website Update राख्ने गरेको,<br>८. अधिनस्थ भौतिक साधनको स्याहार, संभार र मर्मत गर्ने गराउने कार्य गरेको,<br>९. अधिनस्थ कर्मचारीहरुको काममा मार्गदर्शक बनी कर्मचारीहरूलाई सुपरीवेक्षण र आवश्यकतानुसार निर्देशन र नियन्त्रण समेत गर्ने गरेको ।<br>**अन्य महत्वपूर्ण कार्यहरु :**<br>१. वहुदलीय व्यवस्थाको निर्वाचन, २०४८, पहिलो संविधान सभा सदस्य निर्वाचन, २०६४, दोस्रो संविधान सभा सदस्य निर्वाचन, २०७० को ऐतिहासिक निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न कार्य गरेको,<br>२. आयोगबाट गरिने निर्णयहरुको तयारी र निर्णय कार्यान्वयनका लागि आवश्यक प्रकृया एवं निर्णयको उचित फाइलिङ्गको व्यवस्थापन गर्ने गरेको,<br>३. सचिवालयबाट गर्ने महत्वपूर्ण कार्यहरूको विभिन्न शाखाहरू र महाशाखाहरूसंग समन्वय गरी छिटो छरितो रूपमा सम्पन्न गर्नका लागि समन्वयकारी भूमिकाको कार्य गर्ने गरेको,<br>४. सचिवालयमा हुने विभिन्न किसिमको स्वदेशी तथा विदेशी महानुभावहरूसंगको मिटिङ्गको उचित व्यवस्थापन गर्ने गरेको । |